# गैरसरकारी क्षेत्रले पालना गर्नुपर्ने
# आचार संहिता, स्तानबुल सिद्धान्त तथा आधारभूत
# कार्यसञ्चालन मार्गनिर्देशिका

गैसस महासंघ नेपाल
बुद्धनगर, काठमाडौं

गैरसरकारी संस्था महासंघ नेपाल
पो.ब.नं. ७७६८, बुद्धनगर, काठमाडौं
फोन : ४७८१३६८, ४७८२९०८, फ्याक्स : ४७८०५५९
E-mail : info@ngofederation.org, Website : www.ngofederation.org

# गैरसरकारी क्षेत्रले पालना गर्नुपर्ने आचार संहिता, स्तानबुल सिद्धान्त तथा आधारभूत कार्यसञ्चालन मार्गनिर्देशिका

**गैसस महासंघ नेपाल**

प्रकाशक : गैसस महासंघ नेपाल

प्रकासित प्रति : ५००

प्रकासित मिति : २०७२

डिजाइन : निर्मल गैरे

# भूमिका

नेपालमा गैरगैरसरकारी संस्थाहरु देशको प्रचलित कानून, नीति तथा आवश्यकताअनुरुप कृयाशील छन् । हाम्रोजस्तो विकासशील मुलुकमा राज्यको प्रभावकारी उपस्थिति सबै ठाउँमा पुग्न नसक्ने र राज्यको साधनस्रोत जनताका सबै आवश्यकता परिपूर्ति गर्न मनग्य नहुने भएकाले गैरसरकारी क्षेत्रको भूमिका अपरिहार्य हुन्छ । तसर्थ गैससहरुले राज्यको सहयोगी निकायको रुपमा भूमिका निभाइरहेका छन् । सामान्यतयाः जनताका आधारभूत अधिकारहरुलाई सुनिश्चित गर्ने जिम्मेवारी राज्यको हुन्छ भने ती अधिकार प्राप्तिका लागि नागरिकहरुलाई जागरुक गराउनु, उत्प्रेरित गर्नु तथा सशक्तिकरण गर्नु गैससहरुको कर्तव्य हुन्छ । त्यति मात्र होइन, जनताका यस्ता आधारभूत अधिकारहर पूर्ति भएका छन् वा छैनन्, त्यसलाई निगरानी गर्ने, राज्यलाई सचेत बनाउने र जनताको तर्फबाट वकालत गर्ने जिम्मेवारी पनि गैससहरुको हुन्छ ।

हुन त कतिपय संघसस्थाहरुले भौतिक पूर्वाधार र विकासको क्षेत्रमा पनि काम गरिरहेका छन् तर यस्ता संस्थाहरुको संख्या निकै न्युन रहेको छ । तर, मानवीय विकासका लागि हार्डवेयर जत्तिकै सफ्टवेयरको पनि महत्वपूर्ण भूमिका हुने भएकाले गैससहरुको योगदान समग्र समाजको रुपान्तरणमा देखिने गर्छ ।

गैससहरु विशुद्ध गैरनाफामुलक ढंगले सञ्चालन हुने गर्छन् । स्वयंसेवा नै उनीहरुको चरित्र हो तर उनीहरुले सञ्चालन गर्ने कृयाकलापका लागि आर्थिक स्रोतको आवश्यकता पर्ने भएकाले गैससहरुले विभिन्न स्रोतबाट आर्थिक सहयोग जुटाइरहेका हुन्छन् । गैससहरु स्वयंसेवी भावनाबाटै निर्देशित हुने भएकाले आर्थिक पारदर्शीता उनीहरुको लागि निकै महत्वपूर्ण हुन्छ । गैससहरुको कामको दायरा हाल आएर निकै फराकिलो भएकाले संस्थागत सुशासन कायम होस् भन्ने उद्देश्यका साथ राज्यले गैससहरुलाई नियमन गर्ने विभिन्न नीति तथा कानुनहरु बनाएको छ । तर धेरै कुराको प्रभावकारिता मानिसको इमान्दारी, स्वयंसेवी भावना र नैतिक आचारणमा भर पर्ने हुँदा कानून मात्र हुँदैमा सबै कुरा ठीकठाक छ भन्ने अवस्था रहँदैन । त्यसैले पेशागत मर्यादा कायम राख्न विभिन्न संघसंगठनहरुले आचारसंहिता, मार्गदर्शन, निर्देशक सिद्धान्त आदी बनाउने अभ्यास संसारभरि नै रहँदै आएको छ । कानुन राज्यले लागु गर्ने विषय हो भने आचार संहिता कुनै पनि व्यक्तिले आफ्नो पेशागत इमान्दारी नैतिकताका साथ निभाउने कुरा हो । तसर्थ आचारसंहिताको विश्वव्यापी महत्व रहँदै आएको छ ।

गैरसरकारी क्षेत्रलाई व्यवस्थित गर्न र उनीहरुको काम प्रभावकारी बनाउने उद्देश्यका साथ गैरसरकारी संस्था महासंघ नेपालले एक आचारसंहिता जारी गरेको छ । त्यसबाहेक अन्तर्राष्ट्रियस्तरमा भएका विकास प्रभावकारिताका सिद्धान्तहरुलाई पनि गैसस महासंघले समर्थन र अंगिकार गर्दै आइरहेको छ । यसै सन्दर्भमा टर्कीको

स्तानबुलमा सम्पन्न Open Forum for SCO Development Effectiveness को बैठकले सन् २०१०मा जारी गरेको विकास प्रभावकारितासम्बन्धी सिद्धान्तलाई गैसस महासंघले समर्थन गर्दै अन्तर्राष्ट्रिय सहयोग परिचालनमा यस सिद्धान्तको परिपालना हुनुपर्ने कुराको वकालत गर्दै आइरहेको छ । त्यसअलावा, नेपालमा कार्यरत विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी निकायहरुले उनीहरुले अंगिकार गरेको कार्यसञ्चालनका आधारभूत मार्गदर्शन पनि परिपालन गरियोस् भन्ने महासंघ चाहन्छ । यसै शिलशिलामा स्वीस दूतावास/स्वीस एजेन्सी फर डेभलपमेन्ट एण्ड कोअपरोसनको सहयोगमा गैसस महासंघले सञ्चालन गरेको नेपालमा गैससहरुको सुशासन सबलिकरण कार्यक्रमअन्तर्गत गैसस तथा गैससकर्मीहरुको निम्ती यो पुस्तिका तयार गरिएको छ । यसमा गैरसरकारी क्षेत्रले पालना गर्नुपर्ने आचार संहिता, तथा माथि उल्लेख गरिएका स्तानबुल सिद्धान्त तथा आधारभूत कार्यसञ्चालन मार्गनिर्देशिका समावेश गरिएको छ । हामीलाई आशा छ, गैससहकर्मीहरुका लागि यसले सहयोगी पुस्तीकाको रुपमा काम गर्ने छ ।

शर्मीला कार्की<br>
अध्यक्ष<br>
गैसस महासंघ नेपाल

# विषय सूची


| क्र.सं. | विषय | पेज |
|---|---|---|
| १. | गैरसरकारी संस्था महासंघ नेपालले जारी गरेको आचारसंहिता | १ |
| २. | इस्टानबुल सिद्धान्त | ५ |
| ३. | नेपालमा कार्यरत गैरसरकारी निकायहरुका कार्य सञ्चालका आधारभूत मार्गदर्शनहरु | १० |

# गैरसरकारी संस्था महासंघ नेपालले जारी गरेको आचारसंहिता

## गैरसरकारी संस्था, गैरसरकारी संस्थाका पदाधिकारी, सदस्य, कर्मचारी एवं स्वयंसेवकहरूको आचारसंहिता २०६७

गैरसरकारी संस्था महासंघ नेपालको विधान २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी गैरसरकारी संस्था, गैरसरकारी संस्थाका पदाधिकारी, सदस्य, कर्मचारी एवं स्वयंसेवकहरूको आचरण सम्बन्धमा सोह्रौं साधारणसभा (२०६७ वैशाख १३-१४) द्वारा पारित गरी यो आचारसंहिता जारी गरिएको छ ।

यो आचारसंहिताको परिपालन गर्ने गराउने दायित्व गैसस महासंघ नेपाल र यसका सदस्य संस्थाहरु सबैको हुनेछ ।

### १.सामाजिक जिम्मेवारी र पेसागत आचरण

१.१ गैसस महासंघ र यसका सदस्य संस्थाहरूले सामाजिक विकास र स्वयंसेवाका गतिविधिमा उच्च प्राथमिकता दिनुपर्छ ।

१.२ मानवीय सेवा, सार्वजनिक हितको संरक्षण र सम्वर्द्धनका लागि सदैव क्रियाशील हुनुपर्छ ।

१.३ साझा मानवीय मूल्य र उद्देश्यका लागि गैससहरूले राजनीति, धर्म, संस्कृति, वर्ण तथा जातजातिको संकिर्ण घेराभन्दा बाहिर रहेर काम गर्न तयार रहनुपर्छ ।

१.४ पेसागत नैतिकता एवं मर्यादालाई उच्च प्राथमिकता दिनुपर्छ ।

१.५ गैसस महासंघको विधानसम्मत् आचरण गर्नुपर्छ ।

१.६ सदस्य गैससहरूले कुनै पनि क्रियाकलाप सञ्चालन गर्दा वातावरण संरक्षण तथा जलवायु परिवर्तनप्रति जिम्मेवार भई संवेदशीलता प्रदर्शन गर्नुपर्छ ।

१.७ सदस्य संस्थाहरूले आफ्नो कार्यक्षेत्रमा कार्यसम्पादन गर्दा समावेशीकरणको सिद्धान्त र प्रक्रियालाई आत्मसात गर्नुपर्छ ।

### २. मानवअधिकार र स्वतन्त्रताको सम्मान

२.१ कुनै पनि गैससले कुनै पनि व्यक्तिको मानवअधिकार उल्लंघन गर्ने क्रियाकलाप गर्नु हुँदैन ।

२.२ नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानवीय कानुन, सन्धि-सम्झौता तथा घोषणापत्र पालना गर्नु गैससहरूको कर्तव्य हुनेछ ।

२.३ लोकतन्त्रका आधारभूत सिद्धान्त र सामाजिक न्यायसम्बन्धी मूल्य-मान्यतामा आँच आउने कुनै पनि कार्य गर्नु हुँदैन ।

२.४ प्रत्येक गैससले आफ्नो लक्षित समुदायको नैतिक मूल्य-मान्यता, धर्म, भाषा,

रीतिरिवाज, परम्परा र संस्कृतिप्रति संवेदनशील हुनुपर्छ ।

२.५ गैससका क्रियाकलापहरू सामाजिक समावेशी, लैंगिकतामैत्री तथा बालश्रममुक्त हुनुपर्छ ।

## ३. निरपेक्षता र तटस्थता

३.१ संस्थागत रूपमा कुनै पनि राजनीतिक दल वा दलगत राजनीतिक विचारको प्रचारप्रसार गर्ने, राजनीतिक प्रभाव पार्ने वा राजनीतिक पूर्वाग्रह राखेर काम गर्नु/गराउनु हुँदैन ।

३.२ संस्थागत रूपमा कुनै पनि धर्म, धर्म विशेषको अनुकूल वा प्रतिकूल हुने गरी प्रचारप्रसार वा विरोध गर्ने कार्य गर्नु हुँदैन ।

३.३ कुनै पनि जात, जाति, भाषा, वर्ण, धर्म, लिंग, उमेर, शारीरिक अवस्था र क्षेत्रीयताका आधारमा भेदभाव वा पक्षपात हुने कार्य गर्नु हुँदैन ।

३.४ संस्थाका आन्तरिक तथा बाह्य स्रोत-साधन उपयोग, अवसर र वितरणमा विभेदजन्य व्यवहार गर्नु हुँदैन ।

## ४. सहयोगात्मक मानवीय व्यवहार

४.१ आफ्नो कार्यक्षेत्रको लक्षित समुदायका बालबालिका, महिला, अपांगता भएका नागरिक, वृद्ध-वृद्धा र समाजमा पछाडि पारिएका वर्ग, समुदाय र क्षेत्रप्रति सहयोगी व्यवहार गर्नुपर्छ ।

४.२ प्राकृतिक प्रकोप, आपत-विपद् परेका बेला स्रोत-साधनले भ्याएसम्म प्रभावित क्षेत्रमा तत्काल गई राहत कार्यमा सहयोग गर्नुपर्छ वा सहयोगका लागि वातावरण बनाउन पहल गर्नुपर्छ ।

४.३ आफ्नो कार्यक्षेत्रमा कार्यरत सेवामुखी स्थानीय संघसंस्था तथा व्यक्तिलाई उनीहरूको कार्यमा स्रोत-साधनले भ्याएसम्म सहयोग गर्नुपर्छ ।

४.४ मानवीय सेवा, सहायता तथा यसप्रकारका क्रियाकलापको प्रवर्द्धन र विकासमा सदैव प्रयासरत रहनुपर्छ ।

## ५. आन्तरिक सुशासन, पारदर्शिता र जवाफदेहिता

५.१ संस्थाहरूले विधिको शासनको सिद्धान्तलाई आत्मसात् गरी संस्थाका क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।

५.२ सरकार, सर्वसाधारण नागरिक, सहयोगी संस्था, साझेदार निकाय, लाभग्राही तथा अन्य सरोकारवाला निकायसँग व्यवहार गर्दा पारदर्शी ढंगले गर्नुपर्छ ।

५.३ वित्तीय कारोवार, विधि-विधान एवं कार्य प्रणाली, कार्यकारी बोर्ड र साझेदारी निकायसम्बन्धी सम्पूर्ण सूचना सधैं खुला र सर्वसाधारणको पहुँचमा हुनुपर्छ ।

५.४ आफ्ना कार्यहरू र स्रोत-साधनको उपयोगिताबारे सामाजिक परीक्षण तथा सार्वजनिक लेखापरीक्षणलगायतका विधिमार्फत नियमित रूपमा सार्वजनिक जानकारी गराउनुपर्छ ।

५.५ आफ्ना काम तथा निर्णयको सन्दर्भमा आफ्ना सहयोगी निकाय, सरकार, लाभग्राही समुदाय, साधारण सदस्य तथा साझेदार निकायप्रति पनि उत्तिकै जवाफदेही हुनुपर्छ ।

५.६ गैससहरूबाट प्रवाह हुने कुनै पनि सूचना सत्य र सही हुनुपर्छ ।

५.७ आफूहरूमध्ये कर्मचारी, कार्यकारी बोर्ड, स्वयंसेवक, साझेदार वा सेवाप्रदायकबाट भएका कार्य गलत देखिएमा तत्काल सच्याउनुपर्छ र पुनः गल्ती नगर्ने पाठ सिक्नुपर्छ ।

५.८ आन्तरिक लोकतन्त्र, खुला सदस्यता र सुशासनको विकास गरी आफ्ना सबै संरचनामा समानुपातिक र समावेशी प्रतिनिधित्वको सिद्धान्तलाई अंगीकार गर्नुपर्छ ।

५.९ पछाडि पारिएका वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गर्न गराउन सकारात्मक विभेदको सिद्धान्तलाई अवलम्बन गर्नुपर्छ ।

## ६. आर्थिक अनुशासन

६.१ कुनै दातृ निकायबाट वित्तीय वा अन्य कुनै प्रकारको सहयोग लिँदा संस्थाका उद्देश्य तथा सिद्धान्तलाई योगदान पुग्नेगरी र राज्यको विद्यमान कानुनबमोजिम प्राप्ति गर्नुपर्छ ।

६.२ प्रत्येक गैससले आफ्नो बजेट नियमित वार्षिक साधारणसभाबाट पारित गराई स्वीकृत बजेटअनुसार मीतव्ययी ढंगले सञ्चालित हुनुपर्छ ।

६.३ संस्थाको कुनै पनि चल-अचल सम्पत्ति आफ्नो मनोमानी खर्च गर्ने, व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्ने, मास्ने वा हानि-नोक्सानी हुने कार्य गर्नु हुँदैन ।

६.४ प्रत्येक गैसस गैरनाफामूलक संस्थाका रूपमा सञ्चालन हुनुपर्छ । संस्थाको अतिरिक्त आम्दानी वा बचतलाई नाफाको रूपमा लिई कुनै पनि कार्यकारी, सदस्य वा कर्मचारीलाई लाभांश वितरण गर्नु हुँदैन ।

६.५ संस्थाको नीति-नियमले तोकेभन्दा बढी वा नियममा उल्लेख नभएको रकम वा सुविधा आफूखुसी उपयोग गर्नु हुँदैन ।

६.६ प्रत्येक गैससले वित्तीय कारोबारको आन्तरिक नियन्त्रण र परीक्षणका लागि उपयुक्त नियन्त्रण प्रणाली र लेखापरीक्षण गर्ने पद्धति अभ्यासमा ल्याएको हुनुपर्छ । उपरोक्त पद्धति तथा अभ्यास प्रचलित कानुनबमोजिम हुनुपर्छ ।

६.७ संस्थाको आर्थिक कारोबार प्रचलित नियम, कानुन र विधिसम्मत् ढंगले अधिकारप्राप्त अधिकारीद्वारा प्रमाणित गरी चुस्त-दुरुस्त अभिलेख राख्नुपर्छ ।

## ७. स्वायत्तता तथा आपसी सद्भाव

७.१ कुनै पनि गैसस सरकार, अन्तरसरकारी निकाय वा कुनै अन्तर्राष्ट्रिय संघसंस्थाको अंग वा उनीहरूबाट प्रत्यक्ष नियन्त्रित हुनुहुँदैन ।

७.२ संस्थाको मूल उद्देश्यमा आँच नआउने गरी संविधानले दिएको अधिकार प्रयोग

गरी गैससका पदाधिकारी/सदस्यले आफ्नो विचार राख्नुपर्छ । तर, यसरी आफ्नो विचार प्रकट गर्दा अरुलाई व्यक्तिगत रूपमा आक्षेप लगाउने कार्य गर्नु हुँदैन ।

७.३ प्रत्येक गैसस, त्यसका पदाधिकारी, सदस्य, कर्मचारी तथा स्वयंसेवकले गैससहरूको हकहितसंरक्षण, प्रवर्द्धन र पक्षपोषणगर्नुपर्छ ।

७.४ कुनै पनि निकायबाट वित्तीय तथा अन्य कुनै खालको सहयोग लिँदा संस्थाको उद्देश्य तथा निर्देशक सिद्धान्तलाई योगदान पुग्ने गरी लिनुपर्छ ।

## ८. आत्मनिर्भरता तथा दिगोपना

८.१ सदस्य संस्थाले सामाजिक/सामुदायिक गतिविधि सञ्चालन गर्दा आत्मनिर्भरता र दिगोपनाका लागि आवश्यकतानुसार अल्पकालीन र दीर्घकालीन कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

८.२ संस्थाको संस्थागत विकासतर्फ प्रत्येक सदस्यले रचनात्मक रूपमा निरन्तर लागिरहनुपर्छ ।

## ९ मानव संसाधन व्यवस्थापन

९.१ प्रत्येक गैससले कर्मचारी वा स्वयंसेवक छनोट गर्दा संस्थाको उद्देश्यप्रति प्रतिबद्ध हुने सक्षम र जिम्मेवार व्यक्तिहरू छनोट गर्नुपर्छ ।

९.२ कर्मचारी वा स्वयंसेवक राखी काम गर्ने प्रत्येक गैससले लिखित रूपमा मानव संसाधन नीतिबनाएर लागू गर्नुपर्छ । त्यस्ता नीतिमा कर्मचारीहरूको पारिश्रमिक र अन्य सुविधाका विषयबारे स्पष्ट व्यवस्था गरिएको हुनुपर्छ ।

९.३ प्रत्येक गैससले आफ्ना सदस्य तथा कर्मचारीलाई व्यक्तित्व विकास गर्ने अवसर वा वातावरण दिनुपर्छ ।

९.४ गैससले कार्यकारी समिति, कर्मचारी वा स्वयंसेवक छनोट र परिचालन गर्दा समानुपातिक र समावेशी सिद्धान्तलाई अंगिकार गर्नुपर्छ ।

## १०. समन्वय र सहकार्य

१०.१ आफ्नो कार्यक्षेत्रभित्र रही राष्ट्रिय र स्थानीयस्तरका विभिन्न सरकारी, गैरसरकारी तथा निजी संघसंस्थावा लाभग्राही र अन्य सरोकारवालासँग समन्वय कायम गरी कार्य गर्नुपर्छ ।

१०.२ समान उद्देश्य तथा कार्यक्रम भएका विभिन्न संघसंस्था एवं सञ्जालसँग समान सम्बन्धका आधारमा सम्पर्क, समन्वय र साझेदारीको विकास गर्नुपर्छ ।

१०.३ संस्थाका उद्देश्य, लक्षित समुदाय र कार्यक्षेत्र जुध्न गएका कारण हुन सक्ने अस्वस्थ प्रतिस्पर्धा, सेवा तथा कामको दोहोरोपना वा एक-अर्काप्रति अवरोध वा निषेध गर्नेजस्ता कार्यबाट गैससहरू पूर्ण रूपमा मुक्त हुनुपर्छ ।

१०.४ गैसस महासंघ नेपालका केन्द्रीय, क्षेत्रीय तथा जिल्ला शाखासँग आवश्यक सम्पर्क र समन्वय कायम गरी संस्थाका गतिविधि अगाडि बढाउनुपर्छ ।

० समाप्त ०

# इस्टानबुल सिद्धान्त

## पृष्ठभूमि

वैदेशिका सहायताको प्रभावकारिताबारे अन्तर्राष्ट्रिय रूपमा छलफल गर्ने क्रममा तेस्रो उच्चस्तरीय मञ्चको बैठक (3rd High Level Forum on Aid Effectiveness) जुलाई २००८ मा घानामा भएको थियो । उक्त बैठकका क्रममा विकास क्षेत्रमा कार्यरत नागरिकका सम्बन्धमा बहस चलेको थियो । यसै सन्दर्भमा विकास क्षेत्रमा कार्यरत गैससले एउटा विश्वव्यापी प्रक्रियाको रूपमा खुला अन्तर्राष्ट्रिय मञ्च स्थापना गरेका थिए, जसलाई Open Forum for CSO Development Effectiveness नामाकरण गरिएको थियो । यो मञ्चका ३ लक्ष्य निम्नबमोजिम निर्धारण गरिएका थिए :

- अन्तर्राष्ट्रिय विकास प्रणालीमा नागरिक संगठनहरूको अत्यावश्यक भूमिकालाई प्रवर्द्धन गर्ने
- नागरिक संगठनहरूको विकास अभ्यासलाई परिभाषित गर्ने गरी सिद्धान्तहरू तर्जुमा गर्ने
- नागरिक संगठनहरूका लागि अनुकूल वातावरण (Enabling Environment) बनाउनका लागि न्यूनतम मापदण्ड तयार गर्ने

मञ्चको पहिलो अन्तर्राष्ट्रिय भेला सेप्टेम्बर २०१० मा इस्टान्बुल (टर्की)मा भएको थियो । भेलामा विकासको क्षेत्रमा कार्यरत गैससहरूको प्रभावकारिता सिद्ध गर्नका लागि ८ वटा सिद्धान्त प्रतिपादन गरिएका थिए, जसलाई इस्टान्बुल सिद्धान्त भनेर बुझ्ने गरिएको छ । त्यसैगरी जुन २०११ म कम्बोडियाको Siem Reap सहरमा मञ्चको दोस्रो अन्तर्राष्ट्रिय भेला आयोजना गरिएको थियो । उक्त भेलाले इस्टान्बुल सिद्धान्तबारे थप व्याख्या गर्नुका साथै त्यसलाई कार्यान्वयन गर्न अन्तर्राष्ट्रिय प्रारूपसमेत तर्जुमा गरेको थियो, जसलाई Siem Reap Consensus on the International Framework for CSO Development Effectiveness भनेर चिन्ने गरिएको छ । उक्त प्रारूपलाई निम्न ३ मुख्य क्षेत्रमा विभक्त गरिएको छ :

- कार्यान्वयनका लागि मार्गदर्शन (Guidance for implementation)
- नागरिक संगठनहरूको जवाफदेहिताका लागि संयन्त्र विकास (Strengthening mechanisms for CSO Accountability)
- नागरिक संगठन विकास प्रभावकारिताका लागि उपयुक्त वातावरण (Critical conditions for enabling CSO Development Effectiveness)

साथै, अन्तर्राष्ट्रिय प्रारूपले दुईवटा सहयोगी दस्तावेज (Implementation toolkit / Advocacy toolkit) बाहिर ल्याएको छ, जुन दस्तावेज नागरिक संगठनहरूका लागि निकै महत्वपूर्ण मानिएका छन् ।

### सिद्धान्त १. सामाजिक न्याय र मानवअधिकारको सम्मान र प्रवर्द्धन गर्ने

नागरिक संगठनहरु विकासकर्ताका रुपमा तब प्रभावकारी मानिन्छन्, जब तिनीहरु व्यक्तिगत र सामूहिक मानवअधिकारको प्रवर्द्धनका लागि विकास अधिकारलाई समावेश गर्दै सबै जनताको सम्मानित जीवन, मर्यादित कार्य, सामाजिक न्याय र समताका लागिरणनीति, क्रियाकलाप र अभ्यास विकास गरी कार्यान्वयन गर्छन् ।

### मार्गदर्शन

- मानवअधिकारमा आधारित विकास प्रक्रियालाई कार्यान्वयन गर्ने
- प्रभावित जनताका अधिकारको सुरक्षा, सहयोग र कार्यमूलक बनाउने र विकास प्रक्रियामा महिला सहभागिताका लागि नीहरुको सशक्तीकरण गर्ने
- बहुपक्षीय नीति, संवादहरुमा प्रभावित समुदायको सहभागिताका लागि सशक्तीकरण गराउने र उनीहरुको क्षमता विकास गर्ने
- प्रभावित समुदायहरुको स्वतन्त्र, पूर्व र सुसूचित सहमति लिन सकिने गरी जायज विधि कार्यान्वयन गर्ने
- मापन गर्न सकिने सूचक स्थापित गर्ने

### सिद्धान्त २. महिला र बालिकाको अधिकार प्रवर्द्धन गर्दा लैंगिक समानता र समन्यायको प्रतिनिधित्व गर्ने

नागरिक संगठनहरु विकासकर्ताका रुपमा तब प्रभावकारी मानिन्छन्, जब उनीहरु महिला सरोकार र अनुभवलाई आत्मसात् गर्दै विकास सहयोगमा लैंगिक समताको प्रवर्द्धन र अभ्यास गर्छन् ।

### मार्गदर्शन

- नागरिक संगठनहरुको विधिगत अभ्यासमा लैंगिक समानता र महिलाका अधिकारलाई समायोजन र कार्यान्वयन गर्ने
- कार्यक्रम योजनाहरुमा खण्डीकृत तथ्यांकसहित लैंगिक सूचकर विश्लेषणलाई समेत ध्यान दिने
- लैंगिक समानता र महिला अधिकारमा क्षमता अभिवृद्धिका लागि साझेदारीमा लगानी गर्ने
- बहुपक्षीय नीति र संवादमा साझेदारीका लागि अवसर खोजी गर्ने

### सिद्धान्त ३. नागरिकहरुको सशक्तीकरण, लोकतान्त्रिक स्वामित्व र सहभागितामा केन्द्रित हुने

नागरिक संगठनहरु विकासकर्ताका रुपमा तब प्रभावकारी मानिन्छन्, जब तिनीहरु जनता- खासगरी गरिब र सीमान्तकृतका लागि नीति प्रक्रिया र विकासका प्रयासमा लोकतान्त्रिक स्वामित्व विस्तार गर्न उनीहरुको

सशक्तीकरण र जनताको समावेशी सहभागिताका लागि सहयोग गर्छन् ।

## मार्गदर्शन

- विकास प्रयासबाट प्रत्यक्ष प्रभाव पर्ने महिला तथा पुरुषहरूको सशक्तीकरणमा कार्यक्रम तर्जुमा केन्द्रित गर्ने
- स्थानीय लोकतान्त्रिक निर्णय प्रक्रियाका लागि सहभागितामूलक उधो-उँभो प्रक्रिया (Bottom-up Approach) लाई प्रवर्द्धन गर्ने र सरोकारवालाको प्रतिनिधित्वमा विविधतासहितको संलग्नतालाई बलियो बनाउने
- संकल्प, वकालत र अनुगमन गर्दै गरिब र राजनीतिकरूपमा सीमान्तकृत महिला तथा पुरुषका आवाजलाई विकासका सार्वजनिक नीतिमा बहुपक्षीय संवादमार्फत सबलीकरण गर्ने
- विकासमा सबै सहभागीलाई समान व्यवहार गर्ने
- दातृ राष्ट्रका सार्वजनिक क्षेत्रबीच विकासको जटिलताबारे सचेतना बढाउने
- दातृनिकायका रूपमा काम गर्दा नागरिक संगठनहरूलाई स्वाभिमान बनाउन उनीहरूको क्षमता विकास र दिगो स्वविकासका लागि लगानी गर्ने

## सिद्धान्त ४. वातावरणीय दिगोपनालाई प्रवर्द्धन गर्ने

नागरिक संगठनहरू विकासकर्ताका रूपमा तब प्रभावकारी मानिन्छन्, जब तिनीहरू वर्तमान र भावी पुस्ताका लागि वातावरणीय दिगोपनाका लागि प्राथमिकता र पद्धति विकास र कार्यान्वयन गर्छन् ।

## मार्गदर्शन

- नागरिक संगठनका नीति, अभ्यास, कार्यक्रम तर्जुमा, नक्सांकन, वकालती र सार्वजनिक संलग्नतामा स्पष्टसँग वातावरणीय दिगोपनका सवाललाई समावेश गर्ने
- वातावरण र विकासमा संलग्न नागरिक संगठनबीच रणनीतिक सम्बन्ध र साझेदारी निर्माण गर्ने
- स्वस्थ वातावरणमा बस्न र काम गर्न पाउने जनताको अधिकारलाई प्रवर्द्धन र सम्मान गर्ने, साथै आदिवासी समुदायको वातावरणमैत्री अभ्यासमा मद्दत गर्ने
- गरिबीमा बाँचेका र सीमान्तकृत समुदायको जल, जमिन र आवास अधिकार र प्राकृतिक स्रोतमा उनीहरूको अधिकतम नियन्त्रणलाई प्रवर्द्धन गर्ने
- जलवायुमा भइरहेको नकारात्मक प्रभाव, जैविक विविधतामा भइरहेको क्षति र सबैखाले वातावरणीय क्षयीकरण र प्रदूषण न्यूनीकरणका लागि नीतिमा प्रभाव पार्ने र सान्दर्भिक/उपयुक्त पहल गर्ने

## सिद्धान्त ५. पारदर्शी र जवाफदेहीपूर्ण व्यवहार गर्ने

नागरिक संगठनहरू विकासकर्ताका रूपमा तब प्रभावकारी मानिन्छन्, जब उनीहरु पारदर्शिता, बहुपक्षीय जवाफदेहिता र सदाचारका लागि दिगो र संस्थागत प्रतिबद्धता प्रदर्शन गर्छन् ।

## मार्गदर्शन

- नागरिक संगठनहरूको पहिचान र विश्वसनीयताका लागि सार्वजनिक जवाफदेहिता र पारदर्शी अभ्यासलाई औजारको रूपमा प्रवर्द्धन गर्ने
- परस्पर र बहुपक्षीय जवाफदेहिताका लागि सबैखाले संगठनात्मक नीति र अभिलेखमा नागरिकको सरल पहुँच हुने आधार सिर्जना गर्ने
- त्यस्ता अभ्यास कार्यान्वयन गर्ने, जसले एकआपस र बहुपक्षीय जवाफदेहितालाई दिगो बनाइराख्न सकोस्
- दाताका रूपमा कार्य गरेको अवस्थामा सबै साझेदार संस्थामा पहुँचजन्य सूचना उपलब्ध गराउने
- सार्वजनिक सूचनाका लागि अनुरोध भए समयमै सही र पहुँचपूर्ण जवाफ दिने
- जवाफदेही र प्रभावकारी नेतृत्वसहित संस्थाभित्र पारदर्शी र लोकतान्त्रिक संस्कारको प्रवर्द्धन र अभ्यास गर्ने

## सिद्धान्त ६. समन्यायिक साझेदारी र ऐक्यबद्धता बढाउने

नागरिक संगठनहरू विकासकर्ताका रूपमा तब प्रभावकारी मानिन्छन्, जब उनीहरु स्वतन्त्र र समान रूपले नागरिक संगठन र अन्य विकासकर्तासँग पारदर्शी सम्बन्ध राख्न प्रतिबद्धता व्यक्त गर्छन् ।

मार्गदर्शन

- साझेदारी सम्झौताहरूमा साझेदारीका सर्तलाई स्पष्ट र खुलासँग परिभाषित गर्ने
- साँघुरो परियोजना सम्झौताको स । साझा विश्लेषण, कार्यक्रमका लक्ष्य र अनुगमनका लागि एकअर्काको परिपूरक कार्यपद्धति विकास गर्ने
- दातृ निकायका रूपमा काम गर्दा साझेदार संस्थाको कार्यक्रमका लक्ष्य, रणनीति र प्रशासनिक प्रणालीसँग मेल खाने गरी काम गर्ने
- ऐक्यबद्धताका लागि संयुक्त प्रयासलाई सबलीकरण गर्ने र आन्तरिक तथा अन्तर्राष्ट्रिय रूपमा साझा कार्यका लागि सद्भाव सिर्जना गर्ने
- विद्यमान जोखिम व्यवस्थापन, अनुगमन, मूल्यांकन, सूचना आदानप्रदान र सहसिकाइ प्रक्रियाका लागि परस्पर सहमत सर्तर संयन्त्र स्थापना गर्ने
- सार्वजनिक संलग्नता हुने कार्यमा लगानी गर्ने, जसले घरेलु अवस्था र सवाललाई साझेदारका वास्तविकता र अनुभवसँग सामिप्यता राख्न सकोस्

**सिद्धान्त ७. ज्ञान र सीप सिर्जना तथा आदानप्रदान गर्ने रसंयुक्त सिकाइमा प्रतिबद्ध रहने**

नागरिक संगठनहरू विकासकर्ताका रूपमा तब प्रभावकारी मानिन्छन्, जब उनीहरूले विकास अभ्यास र परिणामलाई एकीकृत गर्दै आफ्ना अनुभव, अन्य नागरिक संगठन र विकासकर्ताबाट सिक्ने तरिकालाई विकास गर्छन् ।

**<u>मार्गदर्शन</u>**

- व्यवस्थित परस्पर सिकाइ र आदानप्रदानका लागि अवसर र अनुकूल वातावरण सिर्जना गर्ने
- व्यावसायिक र नैतिक जिम्मेवारीका विधि र औजार स्थापित गर्ने
- सञ्जाल, संयन्त्र र बहुपक्षीय संवादमार्फत ज्ञान आदानप्रदान गर्न साझेदारीलाई प्रोत्साहन गर्ने
- विकास पहल र नीति संवाद, स्थानीय मौलिक ज्ञान, पौराणिक ज्ञान, आत्मीयतालाई आभार गर्दै सहजीकरण गर्ने

**सिद्धान्त ८. दिगो परिवर्तनका लागि सकारात्मक बुझाइ आवश्यक छ भन्नेमा प्रतिबद्ध रहने**

नागरिक संगठनहरू विकासकर्ताका रूपमा तब प्रभावकारी मानिन्छन्, जब उनीहरूले गरिब र सीमान्तकृत समूहलाई प्राथमिकता दिँदै विकास क्रियाकलापबाट दिगो प्रभाव पार्न परिणाम र जनतामा दिगो परिवर्तन ल्याउन जोड दिने कुरामा साझा पहल गर्छन् ।

<u>मार्गदर्शन</u>

- साझा र परस्पर स्वीकार गरिएका विकास लक्ष्यमा गरिएका क्रियाकलापबाट दिगो प्रभावलाई अधिकतम बनाउन अरु विकास सरोकारवाला पक्षसँग साझेदार र नीति संवादलाई बलियो बनाउने
- रोजगारी र जीविकोपार्जनकेन्द्रित आर्थिक विकास पहललाई समावेश गर्दै निजी क्षेत्रलाई पनि विकास कार्यक्रममा सक्रिय गराउने
- विकास योजना तर्जुमा, अनुगमन र मूल्यांकनमा सहभागितामूलक औजार उपयोग गर्ने
- बृहत् क्षमता विकास कार्यक्रममार्फत नागरिक संगठनको क्षमता सुधार गर्ने
- आर्थिक परिचालनको आधारलाई विस्तार गर्दै नागरिक संगठनहरूको दिगोपना र स्वतन्त्रतालाई सबलीकरण गर्ने
- सहकर्मी र अधिकार क्षेत्रभित्र दोहोरो सञ्चारलाई अभिवृद्धि गर्दै जनतालाई विश्व नागरिकका रूपमा सक्रिय बनाउने र उनीहरूलाई शिक्षित बनाउने

समाप्त

# नेपालमा कार्यरत गैरसरकारी निकायहरुका कार्य सञ्चालका आधारभूत मार्गदर्शनहरु

हामी निम्नबमोजिमको निकायहरुले नेपालमा सबै किसिमका विकास कार्यहरु गर्न र चाहिएमा मानवीय सहयोग गर्नको लागि समेत तल उल्लेखित मार्गदर्शनहरुलाई अंगाली कार्य गर्न सहमति जनाएका छौं । उल्लेखित मार्गदर्शनहरु अन्तर्राष्ट्रिय मान्यता प्राप्त तथा नेपालमै सहमत भएका सिद्धान्तहरुमा आधारित छन् ।

१. हामी नेपाली जनताको जीवनस्तरमा सुधार ल्याउन योगदान गर्नका लागि नेपालमा कार्यरत छौं । हाम्रा सहयोग गरिबी घटाउन, आधारभुत आवश्यकताहरु परिपुर्ति गर्न र समुदायहरुलाई आत्मनिर्भर हुनमा केन्द्रित हुनेछन् ।

२. स्थानीय समुदायहरुले स्वेच्छाले व्यक्त गरेका चाहनाबमोजिम हामी काम गर्दछौं र जनमर्यादा, तिनीहरुका संस्कृति, धर्म र रीतिरिवाजलाई सम्मान गर्दछौं ।

३. हामीले नेपालको गरिब र सामाजिक रुपले पिछडिएका जनताहरुका लागि तिनीहरु जहाँतही बसेका भए पनि र जोसुकै भएपनि सहयोग पुऱ्याउदँछौ । हामी कुनै राजनीतिक, जातिगत वा धर्मका आधारमा नभई आवश्यकताका आधारमा मात्र सहयोगको लागि प्राथमिकता दिन्छौं ।

४. हाम्रा सहयोग पारदर्शी गर्नेमा हामी सुनिश्चित छौं र हामीले गरिब जनता र तिनीहरुका समुदायहरुलाई कार्यक्रम तर्जुमा, व्यवस्थापन र कार्यान्वयनमा समेत सहभागी गराउँदछौं । हामीले सहयोग पुऱ्याउन खोजेको जनताप्रति र उक्त सहयोगका लागि स्रोत र साधन पुऱ्याउनेप्रति हामी जवाफदेही हुने छौं ।

५. खासगरी लिंग, जातिगत, जात र धर्मका आधारमा गरिने भेदभाव र सामाजिक बहिष्कार जस्ता आचरणलाई सुधार्नमा हाम्रो सहयोगलाई सुनिश्चित गर्न खोजिने छ ।

६. हाम्रा कामका लगि चाहिने योग्यता भएका र काम सुहाउँदा कर्मचारीहरु मात्र भर्ना गर्दछौं । हामीले कुनै राजनीतिक र अन्य कुनै कुराहरुका आधारमा कर्मचारी छनौट गरी भर्ना गर्दैनौं ।

७. हाम्रा कर्मचारीहरु र विकासमा साझेदारहरुलाई हिंसा, अपहरण, हैरानी र त्रास वा अन्य कुनै किसिमका धम्की दिने कार्य हामीलाई स्वीकार्य हुने छैन ।

८. हाम्रा मख्य मूल्य र मान्यताहरुलाई सम्झौता गर्न हाम्रा कर्मचारीहरुलाई बाध्य तुल्याउने ठाउँमा हामी कार्य गर्दैनौं ।

९. हाम्रा सहयोगलाई कुनै किसिमको सैनिक, राजनीतिक वा साम्प्रदायिक अभिप्रायका लागि प्रयोग गर्ने कुरा हामीलाई मान्य हुने छैन ।

१०. हामी राजनीतिक दलहरुलाई कुनै किसिमका चन्दा प्रदान गर्दैनौं । साथै कुनै किसिमका करकापमा नगद वा जिन्सी कसैलाई प्रदान गर्दैनौं ।

११. हाम्रा कार्यक्रममा उल्लेखित उद्देश्यहरु परिपुर्ति गर्ने बाहेक अन्य कार्यहरुमा हाम्रा उपकरण, मालसामानहरु र साधनहरु प्रयोग गर्न दिइने छैन । हाम्रा सवारी साधनहरु हाम्रा विकास कार्यक्रमहरुसँग प्रत्यक्ष सम्बन्ध नभएका व्यक्तिहरु वा मालसामानहरु ढुवानी गर्नमा प्रयोग गरिन छैन । हाम्रा सवारी साधनहरु सशस्त्र सैनिक वा जंगी पोसाक लगाएका कर्मचारीहरु ओसारपसार गर्न प्रयोग गरिने छैन ।

१२. विकासका लागि वा मानवीय प्रयोगका लागि ल्याइएका मालसामानहरुको चोरी, अन्य कार्यमा प्रयोग गर्ने वा दुरुपयोग गर्ने जस्ता कार्यहरु हामीलाई मान्य हुने छैन । यस्ता मालसामानहरु विना रोकटोक विकास कार्यस्थलसम्म पुर्‍याउन जरुरी छ ।

१३. हामी सबै सम्बन्धित व्यक्तिहरुलाई विकास कार्य र मानवीय कार्यहरुमा कार्यरत हाम्रा कर्मचारीहरुलाई सहयोगको आवश्यकता पर्ने जनतासम्म पुर्‍याउन र यी कार्यहरुका लागि चाहिने स्रोतसाधनहरु सकेसम्म चाँडो पुर्‍याउन र तिनीहरुको सुरक्षा गर्न, सुरक्षा दिन र विना रोकटोक आवगमन गर्न सहयोग गरिदिनहुन आग्रह गर्दछौं ।

१४. हामी सम्बन्धित सबै पक्षले अन्तर्राष्ट्रिय मानवीय सिद्धान्तहरु तथा मानवअधिकार कानुनको स्पष्ट पालना गर्ने अपेक्षा राख्दै उनीहरुलाई यस निम्ति प्रोत्साहित गर्दछौं ।

UNITED NATIONS

EUROPEAN COMMISSION

Danida
MINISTRY OF FOREIGN AFFAIRS OF DENMARK
Danish International
Development Assistance

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra
Federal Department of Foreign Affairs FDFA
**Swiss Agency for Development and Cooperation SDC**

Canadian International Development Agency

ROYAL NORWEGIAN EMBASSY

giz Deutsche Gesellschaft
für Internationale
Zusammenarbeit (GIZ) GmbH

**Australian Aid**

JICA
Agencia de Cooperación
Internacional del Japón

UKaid
from the British people

FORMIN.FINLAND.FI
EMBASSY OF FINLAND
KATHMANDU

SNV Netherlands
Development
Organisation
Connecting People's Capacities

ain
**Association of International NGOs in Nepal**